नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

जलेश्वर, महोत्तरी

प.सं. : २०७३।०७४
च.नं. : ४११४ मिति :२०७३।११।०२

**विषय :- तत्काल वि.व्य.स.गठन गर्ने बारे अत्यन्त जरुरी सूचना ।**

श्री सम्बन्धित सवै सामुदायिक विद्यालयहरु,
महोत्तरी ।

प्रस्तुत विषयमा शिक्षा विभागको निर्देशन बमोजिम शिक्षा ऐन २०२८ ( आठौं संशोधन ) अनुसार यस जिल्ला अन्तर्गतका सवै सामुदायिक विद्यालयहरुलाई माघ मसान्त भित्र वि.व्य.स.गठन गरी यस कार्यालयमा जानकारी गराउनु भनिएकोमा कतिपय विद्यालयहरुले हालसम्म वि.व्य.स. गठन नगरेकाले यस कार्यालयको मिति २०७३।११।०२ गतेको जिल्ला स्तरीय बैठकको निर्णयानुसार यथासिघ्र वि.व्य.स.गठन गरी यस कार्यालयमा जानकारी गराउनु हुन अनुरोध छ । साथै वि.व्य.स.गठन नगर्ने विद्यालयहरुसंग कुनै सम्झौता नहुने ,सेवा सुविधा रोक्का हुने र बैंक खाता खोल्ने सिफारिस समेत नहुने व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराइन्छ ।

जिल्ला शिक्षा अधिकारी